# संयुक्त वक्तव्य

**८ जेठ २०७२**

## विश्व खाद्य कार्यक्रमद्वारा भूकम्प पिडितकालागि वितरित चामल खान योग्य

**काठमाडौं -** नेपाल सरकार खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागले सयुंक्त राष्ट्रसंघ विश्व खाद्य कार्यक्रम द्वारा काभ्रे जिल्लाका भूकम्प पिडितहरुकालागि वितरण गरेको चामलको जाँच गरी खान योग्य रहेको पुष्टि गरेको छ ।

यसै सर्न्दभमा आज नेपाल सरकार कृषि विकास मन्त्रालयका साचिव श्री उत्तम कुमार भट्टराई तथा विश्व खाद्य कार्यक्रमका प्रतिनिधिहरुबिच भेटवर्ता सम्पन्न भयो । उक्त भेटवर्तामा काभ्रेमा वितरित चामलका विषयमा गम्भिर चर्चा भएको थियो ।

नेपाल सरकार खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागले विश्व खाद्य कार्यक्रमद्वारा काभ्रेमा वितरित चामलको नमुना परिक्षण गरेको थियो र सो चामल खान योग्य रहेको तर कनिकाको मात्रा भने गुणस्तरले तोकको २५% भन्दा केही बढि रहेको जानकारी गराएको थियो । नेपाल सरकार खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग र विश्व खाद्य कार्यक्रमले उपभोग्य चामलमा कनिकाको मात्रा २५% भन्दा कम हुनुपर्ने मापदण्ड तोकेको छ तर परिक्षणमा काभ्रेमा वितरीत चामलमा कनिकाको मात्रा ३२% पाइएको छ ।

कृषि विकास मन्त्रालय तथा विश्व खाद्य कार्यक्रमले आगामि दिनमा सो चामल प्रयोगमा नल्याउने र मापदण्ड अनुसारको चामल वितरण गर्ने कुरामा सहमति गरेको छ।

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग तथा विश्व खाद्य कार्यक्रमले नेपालका सरकारसँग भूकम्प पिडितहरुको समुत्थानका लागि सहर्काय गर्दै आइरहको छ ।

हाल सम्म विश्व खाद्य कार्यक्रमले १७ लाख भूकम्प पिडिततहरुलगि खाद्य उपलब्ध गराइसकेको छ ।